नेपाल सरकार
गोश्वारा हुलाक कार्यालय
डिल्लीबजार, काठमाडौं ।

**हल्कारा/सुरक्षा गार्ड सेवा करारमा लिने बारेमा सिलबन्दी बोलपत्र आव्हानको सूचना**

POSC/GPO/G/NCB-2-2079/80

प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१८

यस कार्यालयमा श्रेणीबिहिन कर्मचारीले गर्नुपर्ने कार्य सेवा करारको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गर्न इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुवाट निम्नानुसारको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी बोलपत्र आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी बोलपत्र फाराम, यो सूचना प्रकाशित भएको मिति देखि १५औं दिन सम्मको कार्यालय समयभित्र बोलपत्र माग गरेको निवेदनका साथ रु.१०।- को टिकट टाँसी नवीकरण भएको संस्था दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र, रा.बा.बैक खाता नं. १०००१००२०००१००००, राजश्व शि.नं.१४२२९, गो.हु.का.को कोड नं. ३५८०३३५०६ मा रु. ५०००/-(फिर्ता नहुने) जम्मा गरेको सक्कल बैंक भौचर बुझाई प्राप्त गर्न सकिनेछ ।
२. सिलबन्दी बोलपत्र फाराम साथ बोलपत्र दाताले एकमुष्ट रकम रु.६,६१,५००।- (अक्षरेपी छ लाख एकसठ्ठी हजार पाँच सय रुपैंया मात्र) को मान्यता प्राप्त बाणिज्य बैंकवाट कम्तीमा १२० दिन म्याद राखी जारी भएको बोलपत्र जमानत (बिडवण्ड) पेश गर्नुपर्नेछ ।
३. कुनै फर्म,संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र फाराम अर्को फर्म,संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन।
४. बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खाम बाहिर गोश्वारा हुलाक कार्यालयको हल्कारा, सुरक्षागार्ड लगायतले गर्ने कार्य सेवा करारमा लिने वारेको सिलबन्दी बोलपत्र भनी स्पष्ट रुपमा लेखी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको (२०८०/०२/०२ गते) मध्यान्न १२ बजेभित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।दर्ता भएका उक्त सिलबन्दी बोलपत्रहरु सोहि दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. आपूर्ति गर्नु पर्ने सेवा करारको पद सँख्या, योग्यता, गर्नुपर्ने कार्य बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।
६. हल्कारा, सुरक्षा गार्ड पदमा काम गर्ने करारका कर्मचारीहरुलाई कम्तीमा नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक भन्दा कम तलव दिन पाइने छैन ।
७. बोलपत्र खरिद एंव दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ ।
८. बोलपत्र आंशिक वा पूर्ण रुपमा कूनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. बोलपत्र सम्बन्धी सूचना कार्यालयको Website www.gpo.gov.np मा समेत हेर्न सकिनेछ ।
१०. रित नपुगेको, म्याद नाघी आएको वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. यो सूचनामा उल्लेख भएको कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद (संशोधन सहित) नियमावली २०६४ र अन्य प्रचलित नेपाल कानून अनुसार हुनेछ ।